# उत्तर उत्तरआधुनिकतावादका सन्दर्भमा समकालीन नेपाली कविता

● कबीर बस्नेत

**सार** – यस शोधपत्रले उत्तर उत्तरआधुनिकवादको एउटा समालोचनात्मक अवधारणा प्रस्तुत गरेको छ। उत्तरआधुनिकताका सन्दर्भमा उत्तर उत्तरआधुनिकताका प्रमुख विशेषतालगायत यसको जन्म अनि अवधारणा केलाउने प्रयास यसमा गरिएको छ। नवउदारतावाद, भूमण्डलीकरण अनि उत्तर उत्तरआधुनिकताको सम्बन्ध केलाउँदै कुन आर्थिक–राजनैतिक–सांस्कृतिक परिवेशमा उत्तर उत्तरआधुनिकताको जन्म भयो त्यसको तर्कसङ्गत विश्लेषण गरिएको छ साथै उत्तरआधुनिकताले कसरी मानविकी अनि समाजशास्त्रीय अवधारणाहरूलाई प्रभावित गर्ने माध्यमका रूपमा काम गर्दै उपभोक्तावादलाई प्रोत्साहित गरिरहेको छ अनि यिनीहरूलाई केवल सैद्धान्तिक दृष्टिकोणका रूपमा मात्र स्थापित गर्दै वित्तीय पुँजीवाद अनि अमेरिकेली नव रूढिवादलाई विधिसम्मतबनाउने प्रयास गरिरहेको छ त्यसको पनि आलोचना गरिएको छ। उत्तर उत्तरआधुनिकतावादी दृष्टिकोणले नेपाली कवितालाई कसरी हेर्न सकिन्छ त्यसको विश्लेषण पनि यसमा गरिएको छ।

**बीज शब्द** – उत्तरआधुनिकतावाद, उत्तर उत्तरआधुनिकतावाद, नवउदारतावाद, भूमण्डलीकरण, पुँजीवाद, आर्थिक सङ्कट, मानविकी, समाजशास्त्र, नेपाली कविता।

### १. उत्तर उत्तरआधुनिकतावादको थालनी

विनिर्माण, विधाभञ्जन, विपठन, विपर्यासजस्ता शब्दका घनत्वले सुसज्जित उत्तरआधुनिकतावादले

सत्यको विभाजन गर्न सकिने अनि यसका विभिन्न आयामहरू रहेका कुराको वकालत गरिरहेको हुन्छ। समाज, साहित्य, मूल्य अनि मान्यताका सुविचारित, सुपरिभाषित रूपरेखाबाट बाहिर निस्किँदै मुक्त अर्थका आकाशमा पखेटा फिँजाउन चाहन्छ उत्तरआधुनिकतावाद्। आधुनिकताले मूल्य मान्यता, विवेक अनि तार्किकताको जुन रूपरेखा दिएको थियो त्यसलाई उत्तरआधुनिकताले अमान्य गर्‍यो। सबै कुरालाई सतही मान्दै आधुनिकताले मान्दैआएको ज्ञान अनि विज्ञानलाई पनि यसले चुनौती दियो। उत्तरआधुनिकताको जन्जालमा शिक्षादेखि लिएर साहित्यसम्म, कलादेखि लिएर तकनिकीसम्म सबै थोक विस्तारै फँस्दै गए। एउटा विवेकहीन, मूल्यहीन अनि नैतिकताहीन समाजको निर्माणमा यही विचारधाराको ठुलो भूमिका छ। रेडियो, टेलिभिजनदेखि लिएर आधुनिकतम सामाजिक सञ्चार माध्यमहरूबाट प्रचारित प्रसारित सत्यहरूमा जेलिएको मस्तिष्कयुक्त मानवले जीवन जिउने कला नै बिर्सिसकेको अवस्था छ। यस्तो अवस्थामा आधुनिकता अनि उत्तरआधुनिकता दुवैका सकारात्मक पक्षहरूलाई ग्रहण गर्दै अनि उत्तर आधुनिकताका अन्त्यको घोषणा गर्दै तथा उत्तरआधुनिकताका विसङ्गति अनि विद्रूपताको क्षति नियन्त्रकका रूपमा उत्तर उत्तरआधुनिकतानवाद, अधिआधुनिकतावाद अनि पराउत्तरआधुनिकतावादको प्रादुर्भाव भएको देखिन्छ। युरोपका सन्दर्भमा हेर्नु हो भने सन् १९९० को दशक यता उत्तर उत्तरआधुनिकता देखापरेको हो। टम टर्नर, मिखायल इप्स्टिन, एरिक ग्यान्स, अलान कर्वि, रोविनभ्यान डेन एकर आदिले यस सम्बन्धमा आआफ्ना भिन्न भिन्नै सिद्धान्त प्रस्तुत गरेका छन्। यी सबैका साधारण सकारात्मक विषयवस्तु हेर्नु हो भने उत्तरआधुनिकताको संशयवादी विडम्बनापूर्ण दृष्टिकोणका स्थानमा नयाँ वैकल्पिक दृष्टिकोणको आग्रह उत्तर उत्तरआधुनिकतावादले गर्दछ।

नेपाली साहित्यका सन्दर्भमा इन्द्रबहादुर राईको लीला लेखनपछिका लेखहरूमा अनि उनका वक्तव्यहरूमा यसको केही झलक पाइन्छ। नेपालका उत्तरआधुनिकताका कट्टर विरोधी लेखकहरू निनुचापागाईं, ऋषिराज बराल आदिका उत्तरआधुनिकता विरोधी लेख निबन्धहरूमा पनि यसको झल्को देख्न सकिन्छ।

## २. उत्तरआधुनिकतावादका सीमा अनि विसङ्गति

उत्तरआधुनिकतावादीहरू इतिहासको अन्त्य वा पुँजीवादको अन्तिम विजयको घोषणालाई महत्त्व दिएर चर्चा गर्छन् अनि पुराना सत्य र विचारधाराहरूले आफ्नो प्रासङ्गिकता हराइसकेको र तार्किकताका पुराना सिद्धान्तहरू अब व्यवहारमा लागु हुन नसक्ने तर्कहरू अघि सारिरहेका छन्।[१] उत्तर संरचनावादी, उत्तरमार्क्सवादीलगायत विभिन्न उत्तरआधुनिकधाराका लेखनमा विशेषत: भाषा, संस्कृति र विमर्शमाथि अतिशय रुझान रहेको देखिन्छ। उनीहरूका विचारमा मानव अस्तित्व, चिनारी र कर्तव्य सबै कुरा

१. निनु चापागाईं, वि सं २०६४, **उत्तरआधुनिकतावाद भ्रम र वास्तविकता**, काठमाडौँ, विसिप्र प्रा लि, पृ १६०

विमर्शद्वारा नै निर्धारित र सञ्चालित हुन्छन्। हरेक कुरो विमर्श हो र विमर्श नै सबथोक हो। मान्छे भाषिक प्राणी हो र आफू बाँचेको विश्वलाई मानवले भाषाबाट नै जान्दछ र वर्णन गर्दछ। भाषाबाहिर केही पनि हुँदैन। भाषा/विमर्श/पाठद्वारा हामी जे जान्दछौँ, कल्पना गर्छौँ र जे काम गर्छौँ ती सबैलाई परिभाषित गर्छ र सीमित पार्दछ। यसभित्र राजनीतिक सिद्धान्त पनि पर्छ।[२]

उत्तरआधुनिकताको ठुलो कमजोरी भनेको सबैलाई समावेश गर्ने ज्ञान र सार्वभौम मूल्यहरूलाई अस्वीकार गर्नु हो। मानव मात्रलाई एउटा समूहका रूपमा नमानेर यसलाई विभिन्न वर्ग, जात–जाति, नस्ल, धर्ममा विभाजित गरेर 'विभाजन गर अनि राजनीति गर'को सिद्धान्तलाई प्रोत्साहन दिएर यसले मान्छेका सामूहिक शक्तिलाई क्षीण गर्ने कार्य गरेको सत्यता छ। भारतकै राजनीतिमा हेर्नु हो भने आज सामूहिक राजनीतिक स्थानमा वर्गीय, क्षेत्रीय, नस्लीय, जातीय, धार्मिक राजनीतिले धेर प्रश्रय पाएको देखिन्छ जसको नकारात्मक प्रभाव हामी हाम्रो अघि पाइरहेका छौँ। जातीय अनि साम्प्रदायिक ध्रुवीकरणले गर्दा विशेषगरी अल्पसङ्ख्यक वर्ग जुन मारमा परेको छ त्यसको कुनै सम्यक् निवारण हालका कुनै पनि राजनैतिक दल अनि राजनैतिक गुरुहरूसित नरहेको व्यर्थता हामीले अनुभव गरिरहेका छौँ। यस्तोमा राजनीतिदेखि लिएर साहित्यमा पनि नयाँ दृष्टिकोणको आवश्यकता सबैले बोध गरिरहेकाछन्। उत्तर उत्तरआधुनिकतावादले यही बिन्दुमा उभिएर नवदृष्टिको अपेक्षा राख्दछ।

उत्तर आधुनिकतावादीहरूले उत्तर मार्क्सवाद अनि उत्तर यथार्थवादको घोषणा गरेका छन्। जब उनीहरू महाआख्यानका अन्तको कुरो गरिरहेका हुन्छन् उनीहरूको उद्देश्य मार्क्सवाद अनि समाजवादको सम्भावनालाई अस्वीकार गर्नु हुन्छ। उनीहरू भन्छन्– पुँजीवाद यस्तो अवस्थामा पुगेको छ जसलाई उत्तर औद्योगिक, उत्तर सामुहिक, उत्तर ऐतिहासिक, उत्तर क्रान्ति, उत्तर विचार अनि उत्तर वर्ग भन्न सकिन्छ। धेरै अघि डेनियल डेलले विचारधाराको अन्तबारे चर्चा सुरु गरेका थिए, त्यसलाई उत्तर आधुनिकतावादीहरूले उत्कर्षमा पुऱ्याएका छन्। उनीहरूले प्रत्येक कुराको अन्त्यको कुरो गरिरहेका छन्। कसैले इतिहासको अन्त्यको कुरो गरिरहेका छन् भने कसैले इतिहासका धारणाको अन्त्यको कुरा गरिरहेका छन्। उनीहरूका विचारमा अरू कुराजस्तै हामी इतिहासलाई पनि बुझ्न सक्तैनौँ। त्यसलाई जान्नै सकिँदैन भने त्यसलाई परिवर्तन गर्न सक्ने कुनै सम्भावना रहेन। उत्तरआधुनिकतावादीहरू ज्ञानको, विवेकको, चेतनाको, सत्यको अनि समालोचनाका अन्त्यको कुरा गर्छन्। उनीहरूका विचारमा भाषाको अर्थसित, अर्थको अनुभवसित, अनुभवको यथार्थसित, यथार्थको जीवनका परिस्थितिहरूसित अनि जीवनका परिस्थितिहरूको इतिहाससँग कुनै वास्तविक सम्बन्ध छैन।

२. निनु चापागाईं, **उत्तरआधुनिकतावाद भ्रम र वास्तविकता**, पूर्ववत्, पृ१६०

**३. उत्तर उत्तरआधुनिकताको अवधारणा**

उत्तर आधुनिकतावादी विचारधाराले मान्छेभित्रका मान्छेलाई नै मारिदियो। मानिसका सूक्ष्म संवेदना, भावना, मानवीय मूल्य सबैलाई शङ्काका दृष्टिले हेर्ने उत्तर आधुनिकतावादले मान्छेलाई एउटा वस्तु मात्र, एउटा उत्पाद मात्र बनाइदियो। मान्छे नितान्त एक्लो छ, उसको प्रकृतिले साथ चाहन्छ, सम्बन्ध चाहन्छ अनि चाहन्छ आत्मीयता तर यी सबै त सभ्यताका नाउँमा मान्छेले कहिले हराइसकेको छ। कहिले ऊ फेसबुक कोट्याउँछ, घरि ऊ व्हाट्सएप स्क्रोल गर्छ, कहिले ऊ इन्स्टाग्राम हेरेर मुग्ध भइबस्छ। सम्बन्ध अनि सम्पर्कका भोकले उसलाई आभासिक (भर्चुअल) अनि यथार्थ वा अप्रत्यक्ष संसारमा ओहोरदोहोर गराइरहन्छ। जब उसले यसको भ्रम अनि अयथार्थलाई बुझ्छ, ऊ झन् एक्लो बन्छ। यस एक्लोपनबाट मान्छेलाई कुन कुराले निकाल्न सक्ला? लाखौँ वर्षदेखि मान्छे प्रकृतिसँग, पशुहरूसँग अनिआफैसँग सङ्घर्ष गर्दै यहाँ आइपुगेको छ। कुनै न कुनै युक्तिले उसले समस्याहरूबाट निकास पाउँदै नै आइरहेको छ। आजका उत्तरआधुनिक विचारधाराले जन्माएको घोर निराशाबाट पार पाउन एउटा सम्यक् जीवनमूल्यको खोजी नै उत्तर उत्तरआधुनिकतावाद हो भन्न सकिन्छ। उत्तर आधुनिकतावादले केवल संशय गर्छ, आलोचना गर्छ भने उत्तर उत्तरआधुनिकतावादले मान्छे मान्छेबिचका सम्बन्धलाई प्रगाढ बनाउने प्रयास गर्छ। हराइसकेका मानवीय मूल्यहरूलाई पुनः खोज्ने कोसिस गर्छ अनि समस्याहरू मात्र नउठाएर यसको सम्यक् समाधानका बाटातिर लाग्छ।

प्लेटोले दुईवटा विरोधी विचारहरूबिचको एउटा अवस्थाका रूपमा मेटाक्सी (Metaxy) को अनुमान गरेका थिए जुन एउटै समयमा सँगसँगै हिँडिरहेका हुन्छन्। त्यसैले उत्तर उत्तरआधुनिकतावाद एउटा यस्तो साहित्यिक आन्दोलन हो जसले आधुनिकतावादी र उत्तरआधुनिकतावादी आदर्शहरूका बिचमा प्रवाहको एउटा निरन्तर अवस्थालाई परिभाषित गर्दछ। यसैले उत्तर उत्तरआधुनिकतावाद उत्तरआधुनिकताको सरासर विरोधी विचारधारा होइन। यो यस्तो विचारधारा हो जसले आधुनिकता अनि उत्तरआधुनिकताका सकारात्मक पक्षलाई लिएर मान्छेलाई यस युगको त्रासदीबाट बचाउन चाहन्छ। यसले निराशा र आशा, इमानदारी र निन्दा, ज्ञान र अज्ञानता, विनाश र पुनर्निर्माण दुवैलाई साथमा राख्दै एउटा उज्यालो अवस्थालाई जन्म दिन्छ। यो एउटा यस्तो स्थिति हो जसमा मान्छे किनारमा छ भनेर थाहा हुन्छ तर पनि बाँच्ने सम्भावना प्रबल रहेकोहुन्छ।

कुनै पनि युगलाई नामकरण गर्नु वास्तवमा एउटा जटिल कार्य हो। सांस्कृतिक अवधारणाका रूपमा शास्त्रीयतावाद, नवशास्त्रीयतावाद, स्वच्छन्दतावाद, प्रभाववाद अनि उत्तर प्रभाववादजस्ता शब्दहरू अवाञ्छित भइसकेका छन्। कालावधिका सन्दर्भमा प्राचीन विश्व वा प्राचीन युग भन्न अनापत्तिकर भए तापनि मध्य युगजस्ता शब्द भने अनुपयुक्त ठहर्छ। आधुनिक युग आधुनिकतर हुँदै जान्छ तर यो पनि समयसूचक मात्र भएर असान्दर्भिक हुँदै जान्छ। समयान्तरमा यस शब्दले पनि सान्दर्भिकता हराउँदै

गएपछि यस युगलाई हामी विश्लेषणको युग, विघटनको युग, विज्ञानको युग आदि नाउँले सम्बोधित गर्न रुचाउँछौँ। यसरी यहाँ प्रत्येक सम्बोधनले त्यस युगको वा बीसौं शताब्दीको मूलभूत विशेषतालाई प्रकाश पार्दछ।

यसरी हेर्दा 'उत्तरआधुनिक' शब्द आफ्नो व्यावहारिकताका कारणले आधुनिक शब्दभन्दा धेरै लामो समयसम्म बाँच्न सक्छ। **द ल्याङ्ग्वेज अव् पोस्टमडर्न आर्किटेक्चर**को छैटौं संस्करणमा जेनेक्सले उत्तरआधुनिकतावादको घोषणा गर्दै अनि यसलाई वर्गीकृत गर्दै नवआधुनिकताको संज्ञा दिएका छन्। यो शब्द उनले आधुनिकता अनि उत्तरआधुनिकताका बिचको शब्दका रूपमा चलाएका छन्। उत्तरआधुनिक वास्तुकलालाई जेनेक्सले 'मृत शैली'को संज्ञा दिँदै यसलाई अधम, भड्किलो तमासा अनि मानव हृदय तथा मस्तिष्कलाई छुन नसक्ने कला भनेको देखिन्छ। यसलाई दोकान, सिनेमा, एभेन्युहरूमा मात्र सुहाउने किसिमको कला रहेको बताउँदै 'जस्तो पनि चलिहाल्छ' भन्ने धारणालाई यसले पुष्टि गरेको ठान्दै यसलाई कलाविरोधी धारणाका रूपमा चिह्नित गरे। कला, साहित्य, निर्माण, दर्शनमा 'जे पनि चल्छ' भन्ने धारणा वास्तवमा केही पनि चलेको हुँदैन।[३]

उत्तर उत्तरआधुनिकता जीवनका सबै पक्षमा छ अनि सबैभन्दा बढी छ हाम्रा आस्थामा। आस्था सधैँ नै तर्कको शक्तिशाली प्रतिद्वन्द्वी भएर रहेको हुन्छ। त्यो आस्था ईश्वरमा होस् वा परम्परामा, व्यक्तिमा होस् कि त संस्थानमा अथवा राष्ट्रप्रति नै, आस्था जहिले पनि मानव जीवनको प्राणवायु रहेको हुन्छ, जीवनको आधार रहेको हुन्छ। आस्थामाथि आलम्बित हुँदाहुँदै पनि उत्तरउत्तरआधुनिकताले तर्कलाई पनि हातेमालो गरेको हुन्छ।

क्रिस्टोफर अलेक्जेन्डरले **प्लेसेस अव् द सोल** (१९९०) नामक पुस्तकमा कस्ता निर्माणहरू वा भवनहरू कालजयी हुन्छन् भन्ने कुराको चर्चा गर्दै भनेका छन्– ''ती निर्माणहरू नै कालजयी भए जसमा मानिसहरूले सहज रूपमा अंश ग्रहण गरेका थिए।'' कृत्रिमतादेखि मुक्त, आडम्बरहीन, प्राकृतिक सरलताले युक्त निर्माणहरू नै शाश्वत निर्माणका रूपमा रहे। यो सिद्धान्त केवल भवन वा संरचना निर्माणमा मात्र नभएर कला, साहित्य, दर्शन, संस्कृति, फेसनमा समेत लागु हुने दाबी उनले गरे। तर उत्तरआधुनिकताले यस्तो सहज सम्बन्धलाई भत्काएर जटिल संरचना निर्माणमा नै चासो देखायो जहाँ अराजकता, अनुशासनहीनताभन्दा बढी अरू केही देखिएन ।

उत्तर उत्तरआधुनिकतातर्फ अग्रसर हुनु भनेको वास्तवमा आत्मविश्वास अनि आत्मविश्लेषणतर्फ पाइला चाल्नु हो, सरलता र सहजतालाई पुनः अँगाल्नु हो अनि परम्परालाई पुनः प्राप्त गर्नु हो। उत्तर उत्तरआधुनिकताले विश्लेषणमाभन्दा संश्लेषणमा विश्वास राख्दछ।

---

३. Turner,Tom,1996, **City as Landscape, a Post Post Modern view of Design and Planning**, London, E FN SPON, p8

### ४. उत्तरआधुनिकतावाद अनि अमेरिकेली पुँजीवाद

सन् १९९० मा सोवियत संघको पतनपछि अमेरिकी उदारवादी लोकतन्त्र नै सर्वश्रेष्ठ हो भन्ने धारणा विश्वमा प्रचारित भयो। यसले पुँजीवादी व्यवस्थालाई अझ दरिलो बनायो। पुँजीवादी व्यवस्थाले विश्वका अनेक देशहरूलाई एकातिर कथित विकासशील देशका रूपमा चिह्नित गरायो भने प्रचुर ऋणका भारले तिनलाई उठ्नै नसक्ने पनि बनायो। आर्थिक मन्दी अनि बेरोजगारीजस्ता समस्याले ग्रस्त देशहरू एउटा मात्र आर्थिक शक्ति अमेरिकाको पक्षधर बाध्य बने। अमेरिकेली मोडललाई स्वीकार गर्नु नै उनीहरूका निम्ति एउटा मात्र विकल्प बन्यो। तर पुँजीवादी व्यवस्थाको खोक्रोपन चाँडै देखिन थाल्यो। अमेरिकालगायत विश्वका अनेक देशहरू आर्थिक मन्दीका चपेटमा परे। बेरोजगारी अनि जीवन धान्ने जीविकाको स्रोतसम्म नहुँदा कति देशहरू त गृहयुद्धका चपेटमा पर्न गए। अरू देशहरू पनि बिस्तारै त्यही स्थितिको सामना गर्न बाध्य छन्।

अमेरिकेली पुँजीवादलाई उत्तरआधुनिकतावादी विचारधारालाई टेवा दिने सबैभन्दा ठुलो पृष्ठपोषकका रूपमा हेर्ने गरिन्छ। व्यक्तिगत अनि संस्थागत स्तरमा सामाजिक सरोकार समाप्त गरिए पछि व्यवस्थामा मत्स्य न्यायका सिद्धान्तले काम गर्न थाल्छ अनि साना माछाहरू स्वतः ठुला माछाका सिकार बन्दछन्। आज अमेरिकेली जनतामा पुँजीवादी व्यवस्थाप्रति जुन आक्रोश देखिन्छ त्यो केवल आर्थिक व्यवस्थाप्रति आक्रोश मात्र होइन तर सम्पूर्ण जीवन प्रणाली अनि पारस्परिक सम्बन्धमा आएको शुष्कताप्रतिको निराशा पनि हो। पुँजीवादको प्रभावस्वरूप आएको यस महासङ्कटबाट अमेरिकेली आर्थिक व्यवस्था मात्र होइन तर समाज पनि निस्कने प्रयासमा छ अनि एउटा सम्यक् बाटाको खोजीमा छ।

### ५. आधुनिकता, उत्तरआधुनिकता अनि उत्तर उत्तरआधुनिकता

आधुनिकताले ईश्वर अनि प्रकृतिका स्थानमा मान्छेलाई राख्यो। आफूलाई सबैभन्दा बेग्लै ठान्ने आधुनिक मान्छेमा व्यक्तिवादको भावना बढ्यो। आधुनिकताले मूल्य मान्यताहरू, विवेक अनि तार्किकताको जुन प्रारूप दिएको थियो त्यसलाई उत्तरआधुनिकताले अमान्य गऱ्यो। आधुनिकतावादले जे जति दिएको थियो उत्तरआधुनिकतावादले त्यसलाई पुनर्निर्माणका नाममा ध्वस्त गऱ्यो। उत्तर उत्तरआधुनिकतावादले यी दुवैको बिचमा रहेर समन्वय गर्दै क्षतिनियन्त्रकको काम गर्न खोजिरहेको छ। आधुनिकतावादले पूर्ण सत्यको सम्भावनाबारे कुरो गर्छ भने उत्तरआधुनिकतावादले सत्य विभाजित छ भन्ने तर्क राख्छ उत्तर उत्तरआधुनिकतावादले सत्य विभाजित हुन सक्छ तर सम्बद्ध छ भन्ने समन्वयवादी दृष्टिकोण प्रसारित गर्छ।

### ६. उत्तर उत्तरआधुनिकवादका सन्दर्भमा समकालीन नेपाली कविता: भाव अनि विचार

नेपाली साहित्यमा सबैभन्दा धेर फस्टाएको विधा नै कविता हो। प्रायोगिक समालोचनामा पनि नेपाली कविताहरूले नै बढी स्थान पाएका छन्। कवितालाई समालोचकहरूले विविध विधि अनि समालोचनात्मक प्रवृत्तिका आधारमा केलाएका छन्। समकालीन समालोचनात्मक प्रवृत्तिहरूले पनि नेपाली कवितालाई हेर्ने काम भएको देखिन्छ। आजको चर्चित सिद्धान्त उत्तर उत्तरआधुनिकतावादी दृष्टिकोणले पनि नेपाली कवितालाई हेर्न सकिए यसको उचित मूल्याङ्कन हुन सक्छ कि भन्ने सानो आग्रह यहाँ छ।

उत्तरआधुनिक विचारधारा, उत्तर पुँजीवाद अनि सांस्कृतिक विचलनले ल्याएका अनेक विकृतिहरू नेपाली कविताहरूमा पनि भित्रिएका छन् तर ईश्वर अनि मानवप्रतिको आस्था, सम्बन्धहरूप्रति आत्मीयता, प्रकृति प्रेम, जीवनलाई हेर्ने सकारात्मक दृष्टिकोणजस्ता शास्वत कुराहरू पनि नेपाली कविताहरूमा प्रशस्त देखिन्छन्। आधुनिकताले दिएको मानव मूल्य अनि उत्तरआधुनिकताले दिन खोजेको असीमित सम्भावना दुवैका बिचमा नेपाली कविताको धरातल छ। आधुनिकताप्रति उसको न अतीत मोह नै छ न त उत्तर आधुनिकताको चमक दमकप्रति आकर्षण। युगका विकृतिले जन्माएको घोर निराशामाझ पनि नेपाली कविताले आफ्नो प्राकृतिक धर्म छाडेको छैन। मान्छेको जीवन परस्पर सम्बद्ध हुन्छ। मान्छे सामाजिक प्राणी हो। यसकारण उसको जीवन सामाजिक जीवनको एउटा अङ्ग हो। मान्छेले जति यसलाई भुल्दै जान्छ ऊ त्यति नै अशान्त अनि एक्लो बन्दै जान्छ। कविता पनि कवि अनि समाज बिच हुने एकप्रकारको संवाद नै हो। समाजप्रतिको सम्बोधनमा नै कविले आफ्नो दायित्वबोध गर्छ। बुद्धको मध्यम मार्ग नेपाली कविताको प्रमुख स्वर हो। यो शाश्वत स्वर जति प्रौढ कविहरूका कवितामा देखिन्छ नयाँ युवा पुस्ताका कविहरूका कवितामा पनि पाइनुले नेपालीहरूको समाज, सम्बन्ध, परिवारप्रतिको अगाध आस्थालाई देखाउँछ। यसका अनेक दुर्बल पक्ष पनि होलान् तर नेपाली समाज आज पनि पश्चिमेली मानसिक विकृतिको अवस्थामा पुगेको छैन।

नेपाली कविताहरूलाई उत्तर उत्तरआधुनिकतावादी दृष्टिले हेर्नु एकप्रकारको हठधर्मिता, एक प्रकारको विवेकहीनताजस्तो लाग्न सक्छ तर उत्तर उत्तरआधुनिकतावादी समन्वयवादी दृष्टिकोण नेपाली कवितामा धेरै अघिदेखि नै पाइनुले नेपाली कवितालाई यसरी विश्लेषण गर्नु कुनै नौलो कुरो भने अवश्य नै होइन। आजका नेपाली कवितामा उत्तरआधुनिक विचारधाराको प्रभावस्वरूप देखापरेको विकृति अनि समाजमा परेको त्यसको नकारात्मक प्रभावलाई पनि यसले हेर्ने प्रयास गर्छ र त्यसका सम्भावित समाधानहरू खोज्ने प्रयास गर्छ।

### ६.१. सम्बन्धहरूप्रतिको आस्था

समकालीन विश्व न्यानो (Nano) परिवार, नाभिकीय परिवार मात्र होइन एक्लो जीवनको

हिमायती बनेको समय अनि सामञ्जस्य समस्याले ग्रस्त अनि एक्लोपनको समस्याले मानसिक अशान्ति अनि घोर निराशाको जीवन जिउन बाध्य बनेको समय नेपाली कविताहरूमा सम्बन्धहरूप्रति आस्था अनि आग्रह देखिनुले उत्तरआधुनिक जीवनप्रतिको अनास्था झल्किन्छ। कवि कर्ण विरहको 'बाउ', राजा पुनियानीको 'आमा', मनोज बोगटीको 'दिदी', ज्ञानेन्द्र यक्सोको 'ठुल्दिदी', मनप्रसाद सुब्बा अनि तारमित लेप्चाका 'प्रेम' कविताहरू', मिलन बान्तवा, सञ्जय बान्तवा, नगेन्द्र गोर्खा, रेमिका थापाका गाउँविषयक कविताहरू, शरण मुस्कानका आशावादी कविताहरू, टेकध्वज जिम्बाका राष्ट्रप्रेमले भरिएका कविताहरू, राजेन्द्र भण्डारीका दर्शनले भरिएका कविताहरू, नरेशचन्द्र खातीका जीवनवादी कविताहरू, सुरेन्द्र थिङका बौद्ध दर्शनले भरिएका कविताहरू, मोहन ठकुरीका उज्याला मानवतावादी कविताहरू, नोर्जाङ स्याङदेनका आध्यात्मिक कविताहरू, जय क्याक्टसका जीवेषणाले ओतप्रोत कविताहरू, वासुदेव थापा पुलामीका समावेशी कविताहरू, मनोज बोगटी, सुवास सोताङ अनि टीका भाइका विद्रोही कविताहरूलाई निश्चय पनि उत्तर उत्तरआधुनिकतावादी दृष्टिकोणले हेर्न सकिन्छ। जीवनलाई समग्रतामा स्वीकार गर्ने जीवन दृष्टि कवि मनप्रसादसुब्बाको निम्न कवितामा देख्न सकिन्छ–

'ती बगिरहेका पदचापहरू तिमी चुपचाप सुन्नु
त्यहाँ जीवनको ताजा गीत छ
ती रसिँदैगएका आँखाहरूमा पनि हेर्नु
टल्किँदो, तरङ्गिँदो ताजा सास छ
निस्सारताहरूको अस्वीकार बीच पनि
यो जिन्दगीलाई फेरि एकपल्ट स्वीकार्छु।'[४]

प्रेमको पनि मृत्युको घोषणा गर्ने उत्तरआधुनिकतावादी दृष्टिकोणलाई अमान्य गर्दै कवि सुब्बा प्रेमलाई शाश्वत अनि प्राकृतिक अनि जीवनलाई डोहोऱ्याउने शक्तिका रूपमा ग्रहण गर्छन्–

'एउटा अर्थ भेट्टाएको छु अनुपम
जसलाई तर दुनियाले दूर दूरगर्छ !
मभित्र भने यो अर्थ एउटा यस्तो कविता धडकिन्छ
कि शब्दहरूको खस्रो जिब्रोमा उच्चरित हुनै सक्दैन।[५]

प्रेमले कुनै महीना गते र बार पर्खिँदैन
यसका लागि छेकबार हुँदैन।

४. मनप्रसाद सुब्बा,सन् २०१६, 'कन्ट्याक्ट : एक गीत', **नेत्तिफुङको वास्ना** दार्जिलिङ, गामा पब्लिकेसन, पृ १४
५. मनप्रसाद सुब्बा, 'एउटा यस्तो प्रेम', पूर्ववत्, पृ ६४

प्रेम भावनात्मक तरङ्ग हो
प्रेम अन्तर्मनको उमङ्ग हो।'[६]

**६.२. धार्मिक आस्था**

महाआख्यानको अन्त अनि विचारधाराको मृत्युको घोषणा गर्ने उत्तरआधुनिक मान्यतालाई पर सार्दै प्राकृतिक रूपमा आएको धार्मिक आस्था पनि समकालीन नेपाली कविहरूमा प्रबल रूपमा देखापरेको छ। यो आस्था तर अन्धविश्वास भने पटक्क होइन तर अस्तित्वप्रतिको समर्पण हो। यसले मान्छेलाई एक्लोपनदेखि जोगाउँछ मात्र होइन तर जीवनप्रति उसको दृष्टि विश्वजनीन बन्छ। कवि लेखनाथको आस्था वर्तमानको साधारण गाउँले मानिसको आस्थासँग मिलेर यसरी देखापर्छ–

'आपतको बेला कहिले आरकको हरकले मन पखालेर
आँगनको डिलबाट उकालो हेर्ने पासाङले
यहाँ एक अजङ्गको लुङदर लहराइरहेको देख्छ
जसको फेरो समातेर
हावामा पिङ खेलिरहेको हुन्छ–
बुद्धम् शरणम् गच्छामि
धर्मम् शरणम् गच्छामि
सङ्घम् शरणम् गच्छामि।'[७]

वर्तमान समयमा विश्वकै परिप्रेक्ष्यमा देखापरिरहेको धार्मिक उन्माद, साम्प्रदायिकता, नस्लीय भेदभाव अनि आर्थिक विषमताले देखापरेको विसङ्गतिहरूमाझ पनि मान्छेप्रतिको अगाध आस्था नेपाली कविताहरूको प्रमुख स्वर हो। कवि दीपेन्द्रसिंह थापाका कविताहरूमा मानवताप्रतिको अगाध प्रेम यसरी झल्कन्छ–

'मन्दिर धाउँ या मस्जिद
वेद गाउँ या कुरा न
चैत्य पुजूँ या चर्च
त्रिपिटक बुझूँ या बाइबल
माटोभन्दा बढी केही रोज्दिन म

६. घनश्याम परिश्रमी, वि सं २०७३, 'प्रेम दिवस र गुलाफका फूलहरू', **समकालीन स्याङ्जाली कविता**, स्याङ्जा, अनुपम सांस्कृतिक प्रतिष्ठान, पृ२३

७. लेखनाथ छेत्री, सन् २०१५, 'जलेको गुम्बा', **अक्षर अनप्लग्ड**, कालेबुङ,आरोहण प्रकाशन, पृ ७८

मान्छेभन्दा माथि केही खोज्दिनँ।'[८]

### ६.३. महाआख्यानप्रतिको आस्था

पुँजीवादको बुई चढेर शक्तिशाली बनेको उत्तरआधुनिकतावादले महाआख्यानको अन्त्य, विचारधाराको अन्त्य अनि इतिहासको अन्त्यको घोषणा गरेर सोझै रूपमा एकातिर संस्कृति अनि धार्मिक आस्थामाथि प्रहार गऱ्यो भने अर्कातिर मार्क्सवाद अनि प्रगतिवादलाई आक्रमण गऱ्यो। सामाजिक सङ्घर्षहरूप्रति मान्छेको आस्था अनि त्यसबाट जन्मिने नयाँ व्यवस्थाको पनि यसले खिल्ली नै उडायो। यथास्थितिवादी मानसिकता यसकै प्रतिफल हो। तर नेपाली कवितामा वर्ग सङ्घर्षप्रतिको आस्था अनि जनताको विद्रोही स्वर आज पनि देख्न सकिन्छ। राजु स्याङ्तानका कविताका यी पङ्क्तिहरू हेर्दा सो कुरा स्पष्ट हुन्छ–

'यदि तिमी
स्पाटाकस्का ननिभेका आँखाहरू हौ भने
संसारका कुना कुनाबाट
बन्धन चुडाल्ने करौंतीहरू लिएर उठ
यदि तिमी
चे ग्वेभाराका अतृप्त सपना हौ भने
बोलिवियाको जंगलबाट
एक फिलिङ्गो आगो लिएर उठ'[९] (को हो रुने मान्छे)

### ६.४. उत्तरआधुनिक जीवनप्रति नैराश्य

उत्तर आधुनिक तकनिकी, जीवन शैली अनि सूचना क्रान्तिले ल्याएको नैराश्यपूर्ण जीवनदेखि वितृष्णा आजका नेपाली कवितामा प्रशस्त रूपमा देखिन्छ। यो भूमण्डलीकरणले के सहर, के गाउँ कसैलाई छाडेको छैन। गाउँको प्राकृतिक शान्त परिवेश त यसले प्रदूषित गरेको छ नै यसले सरल निर्दोष गाउँले मानसिकतालाई पनि विकृत बनाएको छ। यस्तो विडम्बनापूर्ण जिन्दगीबाट पार पाउन एउटा सम्यक् दृष्टिको अपेक्षा कवि मिलन बान्तवा आफ्नो कवितामा यसरी गर्छन्–

'यदि
गाउँ साँच्चै रून्छ भने

---

८. दीपेन्द्रसिंह थापा, वि सं २०७२, 'माटो र मान्छे', **सहयात्री शब्दहरू**, काठमाडौँ, शब्दाहार क्रिएसन्स, पृ १६

९. मनोज बोगटी (सम्पा), नोभेम्बर, २०१७, 'राजुस्याङ्तेनका पाँच कविता राजा पुनियानीको केरकार कबीर बस्नेतको टिप्पणी', **खबरम्यागजिन** अनलाइन पत्रिका

गाउँको सास साँच्चै थुन्छ भने
गाउँ साँच्चै आँसु भएर झर्छ भने
लौ आऔँ साथी हो!'
यो मनदेखि त्यो मनसम्म
सजिलै पुग्न सकिने
एउटा विशाल सेतु निर्माण गरौं हामी।'[१०]

कविता, गीत अनि साहित्यप्रतिको माया अनि श्रद्धा वर्तमान समयले अतीतको कुरा बनाइदिएको छ। कविता अनि साहित्यका नाममा पाखण्ड अनि देखावटीबाहेक अरू केही छैन। कविता, गीत अनि साहित्यको पुनर्स्थापना अनि यसको समाजसँगको सम्बन्ध पुनः प्रगाढ भएको हेर्न चाहन्छन् कवि सुदीप पाख्रिन–

'निभ्नुभन्दा बढी बल्थे जुनकिरीहरू
हामीलाई अँध्यारो नहोस् भनी
प्रत्येक औँली रातहरूमा
वरका हाँगाहरू सजिलै आँग थाप्थ्यो हामीचढ्दा
कविता सुनाएर बहने गर्दथ्यो हावाका झोँकाहरू
गीत गुनगुनाउँथ्यो साँझका आभाहरू कानैमा आएर
रातले पनि अबेर नहुँदै लोरी सुनाएर
सुताउने गर्दथ्यो प्रत्येक रात हामीलाई
उहिल्यै उहिल्यै त।'[११]

### ६.५. इतिहासको खोजी अनि इतिहासको पुनर्व्याख्या

इतिहास लेखन निरन्तर प्रक्रिया हो। आजका मानिसहरू इतिहासको अन्त्य होइन तर इतिहासको पुनर्व्याख्या चाहन्छन्। निरपेक्ष इतिहासका निर्माणले मात्र किनारीकृत, शोषित दलितहरूले न्याय पाउँछन् भन्ने मान्यता आजका युगको हो। तर इतिहासलाई बङ्ग्याएर राजनैतिक रोटी सेक्नेहरूको बहुसङ्ख्यक उपस्थितिले अल्पसङ्ख्यक अनि सबाल्टर्नहरू कसरी आफ्नो अधिकारका निम्ति छट्पटाइरहेका छन् भन्ने कुरो पनि समकालीन नेपाली कविताहरूमा प्रशस्त पाइन्छ।

---

१०. मिलन बान्तवा,सन् २०१०, 'गाउँ र शहर उपसंहार', **गाउँ र शहर**, दार्जिलिङ, श्याम प्रकाशन, पृ २०
११. सुदीप पाख्रिन, वि सं २०७४, 'उहिल्यैका कुरा', **मुक्त अनुभूति**, काठमाडौँ, साङ्ग्रिला बुक्स, पृ २२

'यस देशको
मानचित्रमा, माटोमा, भूगोलमाबाँच्यौँ
इतिहासमा तर सधैं ओझेलमा पऱ्यौँ।
देशलाई हाम्रो इतिहास थाहा छैन।
हाम्रो
इतिहास तर
अक्षरहरूले लेखेकोभन्दा गहिरो छ।'[१२]

इतिहासको यही गलत व्याख्याले विश्वका अधिकांश मानिसहरू परिचय सङ्कटको समस्याले ग्रस्त छन्। भारतीय सन्दर्भमा हेर्नु हो भने नेपालीभाषी समुदाय यही परिचय सङ्कटको पीडाले ग्रस्त छ। यो यस्तो दुख्ने नसा हो जसलाई हावाका झोँकाले पनि दुखाइदिन्छ। यो पीडाबोध भारतीय अधिकांश कविहरूका कवितामा दख्न सकिन्छ।

'ओ बहादुर! तिमीलाई थाह छ के
नाउँ यो देशको!
ओ बहादुर! तिमीलाई कस्तो लाग्छ आफ्नै देशभित्र
बताउनु नाउँ तिम्रै देशको!!'[१३]

**६.५. नयाँ नयाँ विमर्शको जन्म**

समकालीन नेपाली कवितामा उत्तर आधुनिकताले जन्माएको विविध विमर्शलाई नयाँ दृष्टिले हेर्ने आग्रह पनि देखापरेको छ। कुनै पनि गतानुगतिक (स्टेरियोटाइप) वादबाट अझ एक भऱ्याङमाथि उक्लेर जीवनलाई पूर्वाग्रहमुक्त बनेर हेर्न चाहन्छन् आजका नेपाली कविहरू। जीवनको चौथो आयामसम्म पुगेर ३६० डिग्रीको आँखाले पूर्णताको बोध गर्न चाहन्छन् समकालीन नेपाली कविहरू। कवि राजेन्द्र भण्डारी भन्छन् मलाई लाग्छ कविता न्यायशील बनोस् मानिसको चेतनाका, व्यक्तित्त्वका जम्मै पाटातर्फ एतदर्थ पूर्ण मानवतर्फ। कवि पवित्रा लामा आफूलाई नारीवादी ट्यागबाट मुक्त गर्दै कवितामा हुङ्कार भर्छिन्–

'हर्कमाया कुनै वादको घेरामा पर्दिन
पर्दिन कुनै अवधारणाको परिधिभित्र पनि
ऊ पाँच प्रहर श्रमले, एक प्रहर प्रेमले

१२. वासुदेव पुलामी, 'सबाल्टर्न', **उज्यालोको आँखा**, कालेबुङ, उपमा प्रकाशन,पृ ९८

१३. सञ्जय बान्तवा, सन् २००७, 'मेरो भूगोलको किताप', **त्यो गाउँमा/त्यो बस्तीमा**, वाराणसी, हिमाली प्रकाशन, पृ २२

दुई प्रहर मिठो निद्राले
तर आठै प्रहर दायित्वले मिश्रित
एक क्लियोपेट्रा, एक नेफ्रतिति
एक हेलेनब्लेन्डा र कर्नेलिया
एक जोन अफ आर्क
एक अनन्य किम्वदन्ती।'[१४]

शब्दका जालमा जेलाएर शोषणतन्त्रलाई खुल्ला खेल बनाउने अनि सङ्घर्षलाई पनि बजारीकरण गर्ने मानसिकतालाई चुनौती दिँदै अनि जीवनको शाश्वततालाई कुनै पनि शक्तिले समाप्त गर्न सक्तैन भन्दै कवि श्रवण मुकारुङ कवितामा यसरी पोखिन्छन्–

'यस धरतीको सबभन्दा पुरानो मानिसलाई मार्न
सबभन्दा नयाँ कुरा चाहिन्छ
तिमीसित अब
के छ त्यस्तो कुरा?'[१५]

**७. उपसंहार**

अलान कर्बीले पोस्टमोडर्निज्म मरेको अनि यसलाई गाडिसकेको घोषणा गरे। अनि उनले यसको स्थानमा नयाँ तकनिकी अनि समकालीन सामाजिक शक्तिका प्रभावमा ज्ञान अनि सत्ताको नयाँ प्रतिमान स्थापित भइसकेकोकुरो गरे। आज उत्तरआधुनिकतावादको स्थान उत्तर उत्तरआधुनिकतावादले लिएको छ। आधुनितकतावाद अनि उत्तरआधुनिकता दुवैबाट सार ग्रहण गर्दै यसले जीवनलाई हेर्ने एउटा समन्वयवादी दृष्टिकोणको वकालत गर्छ। सबैको मृत्युको घोषणा गर्ने उत्तरआधुनिकतावाद, पुँजीवाद अनि नवसाम्राज्यवादी विचारधारालेल्याएकोविसङ्गतिअनिविद्रूपतालाई यसले रोक्ने अनि समग्रतालाई अँगाल्ने प्रयास गर्छ। यो यो नयाँ विचारधारा आजसम्म पनि आफ्नो प्राथमिक अवस्थामा नै छ तर यसको आशावादी, उदारवादी अनि कल्याणकारी दृष्टिकोण विश्वका उत्तरआधुनिक जीवनदृष्टिबाट पिरोलिएकाहरूका निम्तिआशाको किरण बनेर आएको छ।

---

१४. पवित्रा लामा, सन् २०१७, 'हर्कमाया', **सभ्यताका पेण्डुलमहरू**, दोस्रो संस्करण, डुवर्स, डुनेसाविस, पृ ४८

१५. श्रवण मुकारूङ, वि सं २०७४, 'पुरानो मानिस', **बिसे नगर्चीको बयान**, दोस्रो संस्करण, काठमाडौँ, साङ्ग्रिला बुक्स, पृ २८